सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : ११६ | वि.सं. २०७९ मंसिर १० गते शनिबार | 26, 2022 Saturday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## बारा क्षेत्र नम्बर ३ बाट एमालेकी ज्वाला कुमारी साह निर्वाचित



**वीरगञ्ज ९ मंसिर ।** बारा क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यमा नेकपा एमालेकी ज्वाला कुमारी साह निर्वाचित भएकी छन् ।

ज्वाला, जनता समाजवादी पार्टी ( जसपा)का रामबाबु यादवलाई करिब ३ हजार मतान्तरले पराजित गर्दै निर्वाचित भएकी हुन्। उनले २०२५१ मत ल्याइन् भने उनका प्रतिस्पर्धी यादवले १७२७९ मत पाए ।

यस्तै, लोकतान्त्रिक समाजवादी पार्टीका लालबाबु सिंह भुइहारले ११ हजार ९६४ मत पाएर तेस्रो हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीका सुरेन्द्र शर्माले ३५७९ मत पाएर चौथो भएका छन् ।

जनमत पार्टीकी राधिका देवी साहले ३३३१, भङ्गेरा चिह्नमा चुनाव लडेका कलामुदीनले १८७८, एकीकृत शक्ति नेपालका नरेशकुमार चौलागाईंले १०७५, नेपाल लोकतान्त्रिक पार्टीका महम्मद शानी ठकुराईले १०४४ मत पाएका छन् ।

## वीरगञ्जमा पनि निकालियो लैङ्गिक हिंसा विरुद्ध -याली




**वीरगञ्ज, ९ मंसिर ।** सभ्य समाजको पहिचान, लैङ्गिक हिंसा विरुद्धको अभियान मुल नाराका साथ, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको -याली आज वीरगञ्जमा निकालिएको छ ।

वीरगञ्ज महानगरपालिकाका उप-प्रमुख श्री इम्तियाज आलमको प्रमुख आतिथ्यतामा -याली निकालिएको हो । -याली नगर परिक्रमा गरि घन्टाघरमा कोणसभामा परिणत भएको थियो ।

वीरगञ्ज महानगरपालिकाद्वारा आयोजित कार्यक्रममा जिल्ला प्रहरी कार्यालय र विभिन्न स्थानीय समाजिक संघसंस्था अस्पतालमा आधारित एक्द्वार संकट व्यवस्थापन केन्द्र पर्सा, एसओडीसीसी पर्सा, डीयाईसी पर्सा, टीओपी पर्सा, माइती नेपाली, आफन्त नेपाल, कोक्याप, आवर संसार, आसमान नेपाल, निल हिरा समाज, आशिस सामाजिक संस्था र छपकैया सामुदायिक प्रहरी सेवा केन्द्र, विर्ता सामुदायिक प्रहरी सेवा केन्द्र, कुम्हालटोल सामुदायिक प्रहरी सेवा केन्द्र, मिना बजार सामुदायिक प्रहरी सेवा केन्द्र र श्रीपुर-मुर्ली सामुदायिक प्रहरी सेवा केन्द्रको सहभागिता रहेको थियो ।

## शिक्षा सम्बन्धी पालिका स्तरीय १दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न




**रामजी यादव ९मंसिर पर्सा ।** बहुदरमाई नगरपालिका कार्यपालिकाको कार्यालयको सभाहलमा शिक्षा सम्बन्धी पालिका स्तरीय १दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश शिक्षा समुह मधेश प्रदेशको आयोजनामा तथा नगरप्रमुख सिगांसन साह तेलीको अध्यक्षतामा भएको कार्यक्रममा बिपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि स्थानीय तह शिक्षा समुह गठन ,परिचालन समन्वय र अभिमुखिकरण सम्बन्धी पालिका स्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो।बहुदरमाई नगरपालिका अन्तर्गतका सामुदायिक तथा निजी बिधालयका प्रध्यापकहरुलाई बहुदरमाई नगरपालिकाका शिक्षा शाखा प्रमुख बिजय साह तथा प्रदेश शिक्षा समुह मधेश प्रदेशका पालिका संयोजक गणेश कुमार बिंकले प्रशिक्षण दिनु भएको थियो।बिधालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार बिपद् जोखिम मुक्त बनाउनुका साथै सबै बिधालय लाई सुरक्षित तथा हरित बिधालयको रुपमा बिकास गर्ने ,बिधालयलाई बाल मैत्री छात्रामैत्री अपाङ्गता मैत्री र सुरक्षित हिंसारहित एवंम भएरहित सिकाई केन्द्रको रुपमा बिकास गरिने छ सो कार्यक्रममा बहुदरमाई नगरपालिका वडानं.८का वडाध्यक्ष पुन्नीलाल साह,नेपाल रेडक्रस सोसाईटी बिरगंजमा जिल्ला सदस्य काशी साह, निजी बिधालय नगरदाहाका प्रध्यापक रबी साह, कार्यालय सहयोगी कमलेश यादव लगायत सामुदायिक बिधालयका प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो।

*बाँकी तेश्रो पृष्ठमा*

## पर्सा क्षेत्र नं. ४ को समानुपातिक मतगणना पनि सम्पन्न, सबै भन्दा बढी कांग्रेसलाई मत

**वीरगञ्ज, ९ मंसिर । पर्सा क्षेत्र नं. ४ को समानुपतिक तर्फको मतगणना पनि सम्पन्न भएको छ । मधेश प्रदेश मै सब भन्दा पहिला प्रत्यक्ष तर्फको मतगणना गर्न सफल भएको निर्वाचन अधिकृतको कार्यालय क्षेत्र नं. ४ ले समानुपातिक तर्फको मतगणना पनि बुधबार सांझ सम्पन्न गरेको हो । क्षेत्रको प्रतिनिधि सभा तथा प्रदेशसभा सदस्यको समानुपातिक मतगणना सम्पन्न भएको निर्वाच अधिकृतको कार्यालय क्षेत्र नं. ४ का निर्वाचन अधिकृत रमेश श्रेष्ठले जानकारी दिए । अन्तिम मतपरिणाम अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभामा समानुपातिक मत पनि सब भन्दा बढी नेपाली कांग्रेसले निर्वाचन अधिकृत श्रेष्ठले वताए ।समानुपातिक अन्तिम मतपरिणाम अनुसार प्रतिनिधि सभा**



**तर्फ नेपाली कांग्रेसले सबै भन्दा बढी २१ हजार, त्यसपछि नेकपा एमालेले १४ हजार ८७६, जनता समाजवादी पार्टी ( जसपा) नेपाल १० हजार ५४८, नेकपा माओवादी केन्द्र ३ हजार २८३, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ३ हजार १३९, राष्ट्रिय स्वतन्त्र पार्टी १ हजार ९१५, जनमत पार्टी १ हजार १८८, नागरिक उन्मुक्ति पार्टी ७२९, नेकपा (एकीकृत समाजवादी) २८६, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल १७८, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल १५८ मत पाएका छन् । अन्य एक दर्जन जति दलको एक सय भन्दा पनि कम मत पाएका छन् ।यसैगरी प्रदेशसभा तर्फ पनि सबै भन्दा बढी नेपाली कांग्रेस २० हजार ६१०, त्यसपछि नेकपा एमाले १४ हजार ६७७, जसपा १० हजार २२४, माओवादी केन्द्र ३ हजार ४८७, जनमत पार्टी २ हजार २७१, नागरिक उन्मुक्ति पार्टी १ हजार ५३०, नेपाल सुशासन पार्टी ५३४, राप्रपा ४५७, नेकपा एकीकृत समाजवादी ४४१, लोसपा २८७, नेपाल संघिय समाजवादी पार्टी २१८ र हाम्रो नेपाली पार्टी ११७ मत पाएका छन् । यस क्षेत्रमा जम्मा मतदाता संख्या ९० हजार ८५१ रहेपनि प्रतिनिधि सभाको समानुपातिक ६२ हजार ३ ८४ मत र प्रदेश सभाको समानुपातिक मत ६२ हजार ५९२ मात्र खसेको थियो । जस मध्ये प्रतिनिधि सभा सदस्यको ३ हजार २०१ मत र प्रदेश सभा सदस्यको मतमा ३ हजार ७८३ मत बदर भएको सुचना अधिकारी सुरेन्द्र यादवले जानकारी दिए ।**

## दुर्घटनामा एक जनाको मृत्यु

मकवानपुर – धरान-चतरा सडकखण्डअन्तर्गत मकवानपुरको हेटौँडा-६ स्थित गौरिटारचोकमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

फुर्केचौरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना ४ ख ९००२ नम्बरको बस र विपरीत दिशाबाट जाँदै गरेको बा ९९ प २९८१ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा मोटरसाइकल चालक हेटौंडा-१८ का २८ वर्षीय आशिष ढकालको मृत्यु भएको हो । उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा मोटरसाइकलमा सवार यसै वडाका २९ वर्षीय दिपु लामा घाइते भएका छन् । उनको स्वास्थ्य अवस्था जटिल रहेको मकवानपुर प्रहरी प्रवक्ता

*बाँकी तेश्रो पृष्ठमा*



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# नतिजामुखी नीति

**गोपीनाथ मैनाली**

नीतिले नतिजा दिनुपर्छ, इच्छा र अपेक्षाको अभिव्यक्ति मात्र हुनु हुँदैन भन्ने गरिन्छ, नेपालमा नीति राम्रा त बन्छन, तर कार्यान्वयन हुँदैनन्। त्यति मात्र वास्तविकता होइन, आवश्यक क्षेत्रमा नीति नबन्ने, त्यति आवश्यक नभएको क्षेत्रमा चाहिँ नीति बन्ने, नीतिको आशयअनुरूप कार्यान्वयनमा नहुने र नीतिका लाभहरू लक्षित वर्गसम्म नपुग्ने नियति रहँदै आएको छ।

नीति तर्जुमा हुँदा जनताले आफ्ना भावना परिचालित भएको र कार्यान्वयन हुँदा दैनन्दिनीलाई क्रियाशील पारेको महसुस गर्ने अवस्था आएको छैन। नीतिले नतिजा दिनुपर्छ, यो इच्छा र अपेक्षाको अभिव्यक्ति मात्र हुनु हुँदैन भन्ने नीति निर्मातामा अन्तरबोध हुन सकेको छैन। नेपालमा नीति निर्माणको कार्यमा राज्य संयन्त्र, अझ भनौं राजनैतिक कार्यकारी र उच्च कर्मचारीको अहम् भूमिका छ। नीतिग्राही जनताका भावनाहरू नीतिमा समावेश हुन पाउँदैनन्, समाजकेन्द्रित ढाँचामा नीति कार्यसूची तय गरिँदैनन्।

नीतिहरूमा तथ्यभन्दा विचारको हावी छ। नीति लाभहरू समन्यायिक वितरण भएका छैनन् भने धेरैजसो नीतिहरू कार्यान्वयन नै भएका छैनन्। शासकीय तहहरू निक्षेपित अधिकारका सीमामा रहेर नीति तर्जुमा गर्ने हैसियतमा छन्।

धेरै नीतिहरू बनेर नीतिस्फिति हुने, नीति-नीतिबीच द्वन्द्व हुने, राष्ट्रिय प्राथमिकता र मूल्यहरू ओझेलमा पर्ने सम्भावना त्यत्तिकै छ। साथै नीति प्रक्रियामा चाख समूह र उभयपक्षको प्रभाव पनि बढ्न थालेको छ। यस अवस्थामा राष्ट्रिय मूल्य र प्राथमिकताअनुरूप नीति तर्जुमा गरी समृद्धि, सुशासन र सामाजिक रूपान्तरण गर्ने चुनौती छ। यी चुनौतीलाई सम्बोधन गर्न नीति तर्जुमा प्रक्रियमा व्यापक सुधारको खाँचो छ।

नीति तर्जुमा प्रक्रिया सुधारको पहिलो पक्ष ज्ञानको आधार निर्माण गर्नु हो। ज्ञान आधारले सूचना, तथ्य तथा जानकारीको खोजी, विकास र अभिलेखीकरण गरी नीतिलाई वास्तविक, तथ्यमूलक र वैज्ञानिक बनाउने आधार दिन्छ। नेपालमा समग्र नीति प्रक्रियामा सहयोग गर्नेगरी ज्ञानको आधार निर्माण गरिएको छैन, संस्थात्मक सम्झना हस्तान्तरण र संरक्षण गर्ने प्रचलन छैन। संस्था तथा व्यक्तिगत तहमा भएको ज्ञानको संग्रह, संरक्षण र उपयोग गर्ने संस्कृति छैन। नीति विश्लेषण र परीक्षण हुँदैनन्। नीति वातावरणको गतिशीलताले पनि सबल ज्ञान आधारको माग गरेको छ।

सुधारको अर्को क्षेत्र नीतिलाई तथ्यमा आधारित बनाउनु हो। ज्ञान आधारले नीति व्यवस्थापनका लागि चाहिने व्यावसायिक र प्रायोगिक ज्ञान, अनुभव, जानकारी, सूचना, आँकडा, पृष्ठपोषण तथा संस्थात्मक सम्झना र तथ्य उपलब्ध गराउँछ। तथ्यले निर्णयलाई विवेकशील बनाउँछ। नीति जति तथ्यमा आधारित भयो, त्यति नै वास्तविक हुन गै अनुपालन/कार्यान्वयन भै उद्देश्य प्राप्ति सहज हुन्छ। तर्जुमामा मात्र होइन, तथ्य र जानकारीले नीति प्रक्रियाका पाँच पक्षमा फाइदा पुग्छ : पहिलो, नीति सवालको वास्तविक पहिचान हुन्छ, दोस्रो, नीति प्रारूपण र छनोट वास्तविक बन्छ, तेस्रो, भविष्यको सही आकलन गर्न सकिन्छ, चौथो, नीति कार्यान्वयनको सामर्थ्य र अनुगमन सहज बनाउँछ, र पाँचौं, नीति प्रभावको मूल्यांकन सही हुन्छ। नेपालको नीति प्रक्रिया तथ्यमा आधारित नभै विचारमूलक भएकाले लक्ष्यको अस्पष्टता, कमजोर डिजाइन, फितलो कार्यान्वयन, नीति लाभलाई प्रभावीले हत्याउने अवस्था रहेको छ। नीति अभ्यासमा राजनीतिक चाहना र प्राविधिक वास्तविकताबीच द्वन्द्व हुँदै आएकाले पनि नीति तथ्यबाट अलग्गिएको छ। तथ्यबाट नीति परपुग्दा नीति कसरी बरालिन्छ भन्ने उदाहरण गरिबी निवारणका कार्यक्रममा देख्न सकिन्छ। दसौं योजनादेखि गरिबी निवारणको एकल उद्देश्यमा योजना रहे पनि युवा स्वरोजगार कोष, गरिबी निवारण कोष, गरिबसँग विश्वेश्वर, दीर्घकालीन कृषि योजना, साना किसान कार्यक्रमलगायत दर्जनौं कार्यक्रमहरू र सरकार बाहिरका विकास साझेदारका कार्यक्रमहरू गरिबसम्म खासै पुगेनन्, गरिबका छेउछाउ पुगेका कार्यक्रमहरू पनि गरिबी निवारण गर्नभन्दा गरिबलाई नै परियोजना बनाउन पुगे।

अर्को सवाल, नीतिग्राहीको सहभागिता विस्तार कसरी गर्ने भन्ने हो। नीति प्रक्रियामा सर्वसाधारणको सहभागी हुँदा कार्यान्वयन सहज हुन गै नीतिलाभ उत्पादन र समन्यायिक वितरण सजिलो हुन्छ। नेपालमा जसका लागि नीति कार्यक्रम बनाइन्छ, उनैलाई समावेश नगराई कार्यान्वयनका तहमा मात्र जानकारी दिइन्छ।

संविधान र नीति प्रक्रियाका सैद्धान्तिक आधारहरूले नीति तर्जुमामा सर्वसाधारणको संलग्नताको आशय राख्दछ तर नीतिको सवाल पहिचान, कार्यसूची निर्माण र नीति अवलम्बनमा नीतनिर्माताका विचारले नै महत्तव पाउछन्। नीति सुझावका लागि बिरलै आयोजना हुने गोष्ठी र भेलाले नीतिग्राहीमा विश्वास जगाउन सकेको छैन। कतिपय अवस्थामा नीति सवाल पहिचानका समयदेखि नै नीतिलाभ हडप्न स्वार्थ समूह हावी हुन्छ। त्यसैले नीति प्रक्रियामा नीतिग्राहीसँग प्रत्यक्ष सहकार्य, नागरिक मञ्च, नागरिक जुरी, सहमति निर्माण बैठक, डेलिवरेटिभ फोरम, लक्षित समूह छलफल, सामाजिक विवेचना पद्धति, अवधारणा संकलन, डिजिटल अन्तरक्रियालगायतका माध्यमहरू खुला गरिनु पर्दछ।

नीति समन्वय नीति प्रक्रिया सुधारको अर्को क्षेत्र हो। नीति तर्जुमालाई वास्तविक बनाउन, निर्मित नीतिलाई लक्ष्यबाट विषयन्तर हुन नदिन, नीति लाभलाई लक्षित वर्गमा पुऱ्याउन, नीति-नीतिबीच विरोधाभाष आउन नदिन, नीति निकायहरूबीच सहकार्य गर्न नीति समन्वय आवश्यक छ। शासकीय तहहरू आआफ्ना अधिकार क्षेत्रमा नीति तर्जुमा गर्ने सैद्धान्तिक हैसियतमा छन्।

तर धारा २३२ अनुसार संवैधानिक निर्देश सहकार्य र समन्वयको पद्धतिमा छ। नेपालले अपनाएको शासन पद्धति द्वैध (प्रतिस्पर्धात्मक) नभै सहकारितामूलक संघीयता हो, जसले स्वायत्त शासन होइन, सहशासनलाई जोड दिन्छ। अहिले नीति तर्जुमा तहबीच ठाडो र समतलीय समन्वय, समानान्तर प्रणाली व्यवस्थापन, सरोकारवाला र पात्रबीच समन्वय, जवाफदेहिताको निर्दिष्टकरण र नीति व्यवस्थापन आधारशिला विकासका सवालहरू देखिएका छन्। परिणामतः राष्ट्रिय भावना संवर्द्धन गर्न, नीति कार्यक्रममा विरोधाभाष हटाउन, दोहोरोपना हटाउन, लागत घटाउन, तहहरूबीच कार्यात्मक हार्दिकता कायम गर्न र जटिल समस्याको सरल समाधान खोज्न सकिएको छैन।

यसर्थ नीति समन्वयका लागि संविधानमा संरचित अन्तरप्रदेश परिषद्लगायतका संरचना र बजेट, योजना, मार्गदर्शनजस्ता विधि उपयोग गरिनुपर्दछ। नीति तर्जुमाका समयमा कार्यान्वयन योग्यता विश्लेषण गरिनु पर्दछ। तर्जुमा भएका नीति कार्यान्वयन हुन नसक्नुमा संस्थात्मक, कानुनी, वित्तीय, राजनैतिक र सांस्कृतिक र प्राविधिक अवरोधजस्ता कारणहरू रहेका छन्।

नीति तर्जुमा नै वास्तविक नहुँदा पनि नीति कार्यान्वयन हुन सक्दैन भने कार्यान्वयन निकायको दृढताको स्तरले पनि कार्यान्वयनलाई प्रभाव पार्छ। नेपालमा गरिबी निवारण नीति, भूउपयोग नीति, राष्ट्रिय भूमि नीति,

बाँकी तेस्रो पृष्ठमा

# घाम डुबी तारा नउदाएको निर्वाचन

**उज्ज्वल प्रसाई**

काठमाडौं – यस आम निर्वाचनका चार पक्ष विमर्शयोग्य छन्। एक– आदर्श, सिद्धान्त, सांगठनिक कौशल र राजनीतिक उपादेयताजस्ता महत्त्वपूर्ण कसीमा पतित भए भनिएका मौजुदा ठूला दलका दलाधीश फेरि एक पटक मतदाताबाट अनुमोदित भए। दुई– संघीय संसद्का लागि प्रतिस्पर्धामा रहेका उम्मेदवारहरू कुनै ठोस राष्ट्रिय संकल्प, महत्त्वपूर्ण ऐन-नीति र प्रस्ट कार्यक्रमका आधारमा चुनावमा सहभागी भएनन्।

तीन– तरंग उत्पन्न गर्न सफल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मुख्य अभियन्ता र नेता प्रगति, ताजगी र नयाँ भन्न मिल्ने कुनै 'भिजन' का वाहक होइनन्। चार–यो निर्वाचन आफैंमा प्रतिनिधिसभा र प्रदेशसभाबीचको समेत प्रतिस्पर्धा थियो र प्रदेशसभा फेरि एक पटक छाया मात्र साबित भयो।

केपी शर्मा ओली पुरस्कारका लागि योग्य नेता थिएनन्। उनले देखाएका सपना सबै बतासमा खेलिएका अर्थहीन कवाज थिए भन्ने प्रमाणित भइसकेको बेला हो यो। पाएको दुईतिहाइ बराबरको समर्थनलाई पूर्णतया अर्थहीन तुल्याउँदै संसद्को अवैधानिक विघटन गरेका पात्र हुन्। गोकुल बाँस्कोटाजस्ता उनीसँग सबैभन्दा नजिक रहेका र उनैको मन्त्रिमण्डलका सदस्यका रूपमा काम गरेका मान्छे भ्रष्टाचारमा चुर्लुम्म डुबेको दुनियाँले थाहा पाएको थियो। कोभिड महामारीजस्तो संवेदनशील समयमा प्रधानमन्त्रीका रूपमा उनी पूर्णतया गैरजिम्मेवार भएको प्रमाणित तथ्य हो। होली वाइन भनिने बदनाम काण्डका सबैभन्दा जिम्मेवार औपचारिक पदधारी ओली नै हुन्। भूराजनीतिक सन्तुलन कायम गर्ने मामिलामा समेत उनी असफल हुन्।

प्रधानमन्त्रीका रूपमा मात्र नभई, पार्टी अध्यक्षजस्तो पदको सामान्य गरिमासम्म नरहने गरी ओलीद्वारा भएका सबै कृत्य सार्वजनिक छन्। साधारणतया व्यवस्थित संगठन मानिएको एमालेमा सबै विधि र पद्धति भत्काएर आफ्नो हैकम जमाउने अध्यक्ष उनै हुन्। निर्वाचनअघि एमालेबाट बाहिरिएका नेता घनश्याम भुसालका शब्दमा, पार्टी कार्यकर्तालाई 'दास र दुस्मन' बाहेक अरू केही नठान्ने पनि उनै ओली हुन्। दास हुन इन्कार गर्दा ठूलो मूल्य चुकाउनुपरेका नेता-कार्यकर्ताको पंक्ति उल्लेख्य भएको पार्टी ओली नेतृत्वकै एमाले हो। ओलीकै हैकमका कारण एकत्रित भएका दुई ठूला पार्टी फुटेर तीन चोइटा भएको जगजाहेर छ। अनि, ओलीसँग यस पटकको निर्वाचनका लागि कुन ठोस योजना र कार्यक्रम थियो र ?

तिनै असफल प्रधानमन्त्री र असफल पार्टी अध्यक्षलाई झापा क्षेत्र नम्बर ५ का मतदाताले हजारौं मत दिएर विजेता तुल्याइदिए। किन ? कारण धेरै होलान्। सतहमा सहजै देखिने जवाफ धेरै जटिल छैन– समाज एवं राजनीतिमा स्थापित शक्ति संरचनामा उँचो स्थान बनाएका ओलीले बाहेक अरू कसैले पनि बजेटका ठूला थैला ल्याउन सक्नेछैनन्। आम मतदातामाझ ठूलो प्रभाव पार्न सफल भनिएका रास्वपा आदि पनि ओलीजतिका विकास र समृद्धिप्रेमी ठानिएनन्।

शेरबहादुर देउवाबारे धेरै भन्नुपर्दैन। सबैलाई थाहा छ, ओलीका सहृदयी मित्र उनी ओलीको असंवैधानिक कदमलाई असंवैधानिक भन्नसम्म अनकनाउने विपक्षी दलका नेता थिए। आफू प्रधानमन्त्री बन्ने संकेत नदेख्दासम्म उनले संसद् विघटनलाई गम्भीरतापूर्वक लिएका थिएनन्। त्यसो त उनी नेतृत्वको मौजुदा सरकार स्वयं पनि गतिलो भएको र आम जनताका हितमा खटिएको कुनै ठोस उदाहरण छैन। सामान्य सूचनाको पहुँचमा भएको जोसुकैले सहजै भन्न सक्छ– देउवाले पार्टी सभापति वा प्रधानमन्त्रीका रूपमा पाएको कुनै पनि सफलता आम जनताको हितमा छैन। व्यक्तिगत, पारिवारिक र अलि पर गए आफ्नो गुटको हितसम्म मात्रै सोचेर काम गर्ने देउवा प्रतिनिधिसभा सदस्यका रूपमा मतदाताबाट अनुमोदित हुनुपर्ने सबल कारण केही थिएन। नेपाली समाजलाई अहिलेभन्दा बढी समतामूलक, समुन्नत र लोकतान्त्रिक बनाउनमा उनले गर्न सक्ने नयाँ योगदान केही पनि छैन। यस पटकको चुनावमा ओलीजस्तै उनको पनि विकास र समृद्धिजस्तो पुराना रटानबाहेक कुनै ठोस योजना र कार्यक्रम थिएन।

त्यति धेरै मतका साथ उनै देउवा किन चुनिए डडेलधुराबाट ? बालुवा र गिट्टी, अलकत्रा र सिमेन्टका बोरा अनि यस्तै अनेक चिजबिज खरिद गर्न सक्ने पैसाका थैला देउवाबाहेक कसले ल्याउन सक्थ्यो र ? सामाजिक र राजनीतिक शक्ति संरचनाको उपल्लो थलोमा लामो समयदेखि कब्जा जमाएका देउवाबाहेक अरू विकल्प मतदाताका आँखालाई आकर्षक लागेनन्।

गणतन्त्र एवं संघीयताका मुख्य सूत्रधार भनाउने इच्छा त बहुत हुँदो हो पुष्पकमल दाहाल प्रचण्डलाई, तर उनको राजनीतिलाई नजिकबाट नियाल्ने अधिकांशले अचेल उनलाई माहिर तिकडमबाज भन्छन्। मुद्दा र कार्यक्रम होइन, दाउपेचहरूका लागि उनको सम्झना र चर्चा अचेल ज्यादा हुन्छ। मजदुर र किसान, दलित र मधेशी, महिला र अल्पसंख्यकका नाममा गोलाबारुद चलाएर आएका प्रचण्डको पतनको योभन्दा पनि धेरै

बाँकी तेस्रो पृष्ठमा

# विप्रेषण, कर्जा, आयात र जग्गामा रूमलिएको अर्थतन्त्र

**विश्वास गौचन**

अर्थतन्त्रको अहिलेको असहज अवस्था लामो समयदेखि मुख्यतः चार क्षेत्रमा देखिएको प्रवृत्ति र एकआपसमा विकास भएको अन्तरसम्बन्धले गर्दा उब्जेको हो। मुलुकको अर्थतन्त्रको संरचना विप्रेषण, कर्जा, आयात र जग्गामा केन्द्रित छ। आयात र राजस्वलाई मात्र जोडेर गरिएको विगतको विश्लेषण अपर्याप्त छ। सो भाष्यमा विप्रेषणसहित कर्जा र जग्गाको कारोबारलाई पनि जोडेर समग्र अर्थतन्त्रको यथार्थ अवस्था चित्रण गर्नुपर्छ।

विप्रेषणका कारण आम नागरिकको आय बढेर उपभोग्य वस्तु तथा सेवाको माग बढ्नु; वस्तु तथा सेवाको बढ्दो माग आपूर्तिका लागि बैंकिङ क्षेत्रबाट सहज रूपमा कर्जा प्राप्त हुनु; आपूर्तिका लागि स्थानीय उत्पादनभन्दा आयात सहज, नाफामूलक र न्यून जोखिमपूर्ण हुनु; उच्च आयात धान्न विप्रेषणमार्फत विदेशी मुद्रा उपलब्ध हुनु; उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी बढ्नु; जग्गाको बढ्दो मूल्यका आधारमा सहज ढंगबाट कर्जा उपलब्ध हुनु र यो क्रमले लामो अवधिसम्म निरन्तरता पाउनुजस्ता कारणले मुलुकको आर्थिक संरचना नै फेरिएको छ।

विप्रेषणले अर्थतन्त्रमा माग बढाए पनि सोही अनुरूप मुलुकभित्रै उत्पादन नबढ्नु, मुलुकको अर्थतन्त्र आयातमार्फत व्यापारीकरण र परनिर्भर हुँदै जानु एवं वित्तीयकरणमार्फत जग्गा द्रुत गतिले मौद्रिकीकरण हुनु तथा उच्च मूल्यवृद्धिका कारण मूल्य अभिवृद्धिको शृंखलाबाट बाहिरिँदै जानु मुलुकका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो। यसका अलावा लामो समयदेखि अभ्यास गरिएको विस्तारकारी आर्थिक तथा मौद्रिक नीतिले आगोमा घ्यू थपेझैं सो प्रक्रिया र अन्तरसम्बन्धलाई थप तीव्रता दिएको छ। यी चार विषयबारे तल व्याख्या गरिएको छ।

## विप्रेषण

रोजगारीका लागि लाखौं नेपाली युवालाई विदेसिनुपर्ने बाध्यताबाट आर्जित विप्रेषणकै कारण मुलुकको बाह्य क्षेत्र लामो समयदेखि धानिइरहेको प्रसंग नौलो होइन। अर्थतन्त्रको करिब २१ प्रतिशत र सम्पूर्ण विदेशी मुद्रा आर्जनमा ५६ प्रतिशतभन्दा धेरै योगदान रहेको विप्रेषण हाम्रो देशका लागि अत्यन्तै महत्त्वपूर्ण वित्तीय स्रोत हो। गत वर्ष करिब ८.३ अर्ब डलर बराबर भित्रिएको विप्रेषण दीर्घकालमा पनि मुलुकका लागि विदेशी मुद्राको महत्त्वपूर्ण स्रोत रहनेछ। वित्तीय चक्रको हिसाबले हाम्रो अर्थतन्त्रमा विप्रेषणका तीन प्रमुख भूमिका छन्– विदेशी मुद्रा भित्र्याउने, विस्तृत मुद्राप्रदाय बढाउने र आन्तरिक माग बढाउने। साथै मुलुकमा दिगो मानव विकास सम्बन्धी यदि केही उपलब्धि भएको छ भने त्यो नितान्त विप्रेषणकै कारण सम्भव भएको हो, जसमा राज्यको भूमिका न्यून छ। सम्भावना भनिएका दुई क्षेत्रमध्ये पर्यटनबाट हालसम्म वर्षमा १ अर्ब डलर बराबरको विदेशी मुद्रा आर्जन भएको छैन भने बिजुली निर्यातबाट, भारत उदार भएको खण्डमा, यो आर्थिक वर्षमा अहिलेसम्मकै सबैभन्दा धेरै १५-१६ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन हुने अनुमान गरिएको छ। कालान्तरमा पूर्ण क्षमता अर्थात् ४० हजार मेगावाट विद्युत् निर्यात गर्दा पनि केवल ९-१० अर्ब डलर बराबरको विदेशी मुद्रा आर्जन गर्न सकिनेछ जसका लागि जलविद्युत् उत्पादनमा ८० अर्ब डलर बराबरको लगानी जुटाउनुपर्छ। त्यसैले हाम्रो सन्दर्भमा स्रोतको हिसाबले विप्रेषणको अल्पकालीन तथा मध्यकालीन विकल्प देखिँदैन।

## कर्जा वृद्धि

राष्ट्र बैंकले अविरल रूपमा विस्तारकारी मौद्रिक नीति अवलम्बन गरेको परिप्रेक्ष्यमा बैंकिङ कर्जा उच्च दरले वृद्धि भई अर्थतन्त्रको आकार बराबर पुगेको छ। केही वर्षअगाडि मर्जरका नाममा राष्ट्र बैंकले गरेको अस्वाभाविक पुँजी वृद्धिका कारण पनि कर्जा उच्च दरले वृद्धि भएको छ। नेपालको आय स्तरको हिसाबले निजी क्षेत्रमा प्रवाह भएको कर्जाको परिणाम अत्यधिक हो। कतार, नेदरल्यान्ड्सजस्ता धनी राष्ट्रको निजी क्षेत्रको कर्जाको अनुपात हाम्रोजस्तै छ भने नेपालजस्ता अति कम विकसित देशहरूको औसत केवल ३१ प्रतिशत छ। लामो समयदेखि नोमिनल जीडीपीका तुलनामा उच्च दरले कर्जा वृद्धि हुँदै हाल आएर अर्थतन्त्रको आकारजत्रो हुँदा पनि नीतिनिर्माता तथा नियमन निकाय र शोध गर्ने संघसंस्था सो परिदृश्य सम्बन्धी बेखबर रहनु, हाम्रो नीति निर्माणको प्रक्रियाको विश्वसनीयता र क्षमताथाहिको गम्भीर प्रश्न हो। प्रतिव्यक्ति आय १ हजार ४ सय डलर पनि नपुगेको तथा कम विकसित मुलुक हुँदैको अवस्थामा निजी क्षेत्रमा प्रवाह भएको कर्जा करिबकरिब अर्थतन्त्रको आकार बराबर पुगेको सन्दर्भमा विकासशील राष्ट्रका रूपमा स्थापित हुँदा अर्थतन्त्रको आकारको दाँजोमा कर्जाको अनुपात कति पुग्ने हो भन्ने विषय गम्भीर छ। यही रफ्तारमा कर्जा वृद्धि भए अरू ११ वर्षमा बैंकिङ क्षेत्रको कर्जाको आकार अर्थतन्त्रको आकारभन्दा दुई गुणा ठूलो हुन गई उच्च कर्जाका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने जोखिमबारे बेलैमा सचेत हुन आवश्यक छ। अधिकांश व्यवसायको प्राथमिक पुँजी पनि कर्जामार्फत नै जुटाउने गरिएको सन्दर्भमा कर्जाको उच्च वृद्धिका

बाँकी तेस्रो पृष्ठमा

# विप्रेषण...

साथसाथै व्यवसायको प्राथमिक जोखिम पनि अप्रत्यक्ष रूपमा बैंकिङ क्षेत्रले नै वहन गर्नुपर्ने अवस्था छ ।

साथै बिनाकुनै नियमन तथा पर्यवेक्षण सहकारीमार्फत हुने गरेको ठूलो निक्षेप परिचालन र कर्जा लगानीले वित्तीय क्षेत्र र सम्पूर्ण अर्थतन्त्रलाई नै उच्च जोखिमतिर धकेलेको छ । पछिल्लो चरण सहकारीमा देखिएको अपचलनले सर्वसाधारणको निक्षेप गुम्ने जोखिम बढेको छ । निक्षेपमा दिने उच्च ब्याज जोहो गर्न सहकारीले जग्गामा गर्ने उच्च लगानीका कारण सहकारीको लगानी पनि उच्च जोखिममा परेको छ । यसका अलावा, अत्यन्तै अपारदर्शी व्यवस्थापनका कारण अधिकांश सहकारीको वित्तीय अवस्था नाजुक छ । अहिलेको न्यून तरलताको अवस्थामा यी सहकारी संस्थाले सर्वसाधारणको निक्षेप फर्काउन नसक्ने घटना दिनानुदिन बढ्दै जानेछ ।

आयात वृद्धि

मुलुक परनिर्भर हुँदै गएको विषय नौलो होइन । सन् २००४ मा विश्व व्यापार संगठनको सदस्य हुँदा र सार्क अन्तर्गत दक्षिण एसियाली खुला व्यापार 'साफ्टा' मा हस्ताक्षर गर्दा अर्थतन्त्रको आकारको १० प्रतिशत निर्यात र २५ प्रतिशत आयात गर्ने मुलुक हाल आएर ४ प्रतिशत निर्यात र ४० प्रतिशत आयात गर्दै ३६ प्रतिशतको व्यापार घाटा बेहोर्ने गम्भीर अवस्थामा पुगेको छ । हाम्रा समकक्षी मुलुकहरूले औसतमा २२ प्रतिशत निर्यात र ३२ प्रतिशत आयात गर्दै व्यापार घाटालाई अर्थतन्त्रको आकारको १० प्रतिशतमा सीमित राख्दा हाम्रो चालु खाता घाटा नै करिब १३ प्रतिशत पुगेको छ । यसरी मुलुकको व्यापार जुन स्थितिमा छ र हामी जुन हदमा परनिर्भर भएका छौं, यो परिस्थितिले मुलुक अत्यन्तै गम्भीर अवस्थाबाट गुज्रिरहेको र आर्थिक दुर्घटनातिर उन्मुख भएको संकेत गरेको छ । हाम्रो बढ्दो परनिर्भरतामा बैंकिङ क्षेत्रबाट बेलगाम प्रवाह हुने कर्जाको प्रत्यक्ष योगदान छ । सन् २०१६ सम्म विप्रेषणले धानेको व्यापार घाटामा त्यसपछिको अवधिमा उच्च वृद्धि हुँदै गएर चालु खाता पनि घाटामा परिणत हुँदै शोधनान्तर घाटा बढ्दा बाह्य क्षेत्र व्यवस्थापन अत्यन्तै चुनौतीपूर्ण हुँदै गैरहेको छ । सन् २०१८-१९ देखि त सेवा क्षेत्र पनि बर्सेनि घाटामा गएको छ । हाम्रो सन्दर्भमा आयातसम्बद्ध आपूर्ति शृंखलामा नाफाको हिस्सा उच्च रहेकाले देशभित्रै उत्पादन गर्न सकिने सामान्य वस्तुसम्म आयात गर्ने प्रवृत्ति बढ्दै जानु अर्थतन्त्रका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो । आयातमा उच्च गिरावट र विप्रेषणमा उच्च वृद्धि हुँदा पहिला त्रैमासिकमा शोधनान्तर स्थितिमा उल्लेख्य सुधार देखिएर ८.३ महिना बराबरको वस्तु आयात धान्ने देखिए पनि शोधनान्तर स्थिति भने ऋणात्मक नै छ । शोधनान्तर स्थितिलाई विदेशी मुद्रामै गणना गर्ने हो, नेपाली रुपैयाँमा होइन ।

जग्गाको मूल्यवृद्धि

मुलुकभित्र हुने गरेको अनुत्पादक आर्थिक गतिविधिको सबैभन्दा ज्वलन्त उदाहरण जग्गा सम्बन्धी कारोबार र जग्गाको मूल्यवृद्धि हो । जग्गाको मूल्यवृद्धिका कारण जग्गालाई उत्पादनको महत्त्वपूर्ण स्रोतका रूपमा परिचालन गर्न सकिने आधार गुम्दै गैरहेको छ भने अर्थतन्त्रको मूल्यस्तर पनि द्रुत गतिमा बढ्दै गएकाले प्रतिस्पर्धात्मक क्षमतामा थप न्यूनीकरण भइरहेको छ । मुलुकले जग्गा सम्बन्धी कारोबारबाट करिब ७६ अर्ब रुपैयाँ अर्थात् कुल राजस्वको ७.७ प्रतिशत परिचालन गरेको छ । यो अत्यन्तै ठूलो रकम हो । राजस्व परिचालनका नाममा अर्थतन्त्रका अन्य गम्भीर विषयलाई अवमूल्यन गर्नु कालान्तरमा प्रत्युत्पादक हुनेछ । यसका अलावा बन्ने ठेगान नभएको र आर्थिक रूपले सम्भावना नभएको बुढीगण्डकी जलविद्युत्जस्तो सेतो हात्ती परियोजनाका लागि बाँडिएको करिब ४० अर्ब रुपैयाँ मुआब्जाका कारण पनि जग्गाको भाउ उचालिएको छ ।

नेपालमा छोटो समयमा सबैभन्दा उच्च प्रतिफल दिने लगानीका रूपमा जग्गा नै स्थापित भैसकेका सन्दर्भमा जग्गामा लगानी सबैको प्राथमिकतामा परिरहेको छ । विविध शीर्षकमा बैंकिङ प्रणालीबाट प्रवाह हुने अधिकांश कर्जा पनि अन्ततोगत्वा जग्गा लगानीमा प्रयोग हुने गरेको छ । बैंकले पनि कर्जा सुरक्षणका लागि सबैभन्दा उपयुक्त धितो जग्गालाई स्विकार्ने भएकाले कर्जा र जग्गाको अन्तरसम्बन्ध गहिरिँदै गएको छ । यस्तो प्रवृत्तिले अर्थतन्त्रलाई दिनानुदिन अनुत्पादक बनाउँदै मुलुकको मूल्यस्तर उचालेर थप अप्रतिस्पर्धी बनाएको छ ।

नेपालका सन्दर्भमा जग्गाको बढ्दो मौद्रीकरणले स्रोत परिचालन र उत्पादक क्षेत्रमा प्रवाह हुने लगानीको प्रक्रियालाई नै अवरुद्ध गरेको छ । जग्गा बिक्रीबाट प्राप्त हुने मोटो रकम बिक्रेताले उत्पादन क्षेत्रमा लगानी गर्न वा बचत नगरी अर्को जग्गा खरिद गर्न वा उपभोगमै प्रयोग गर्ने भएकाले अधिकांश रकम आयातका लागि प्रयोग हुने गरेको छ । साथै जग्गा किन्दा आधिकारिक स्रोत देखाउनु नपर्ने र बेचेको रकम पूर्ण रूपले आधिकारिक स्रोतका रूपमा देखाउन पाइने व्यवस्थाले जग्गाको कारोबार र सेयरको कारोबार अनौपचारिक रूपले आर्जन भएको आय औपचारिक बनाउने सबैभन्दा सरल र प्रभावकारी माध्यम बनेको छ । विविध नीतिमार्फत यो क्रमलाई तुरुन्त निरुत्साहित गर्नुपर्छ ।

लामो समयदेखि उपर्युक्त यी चार क्षेत्रबीच विकास भएको अन्तरसम्बन्ध र सो सम्बन्धले समग्र अर्थतन्त्रलाई पारेको प्रभावको उठान नहुनु, शोधमूलक विश्वसनीय अध्ययन नहुनु र नीतिनिर्माता तथा नियामक संस्थाहरू नै यी विषयको गाम्भीर्यबारे अनभिज्ञ रहनुजस्ता कारणले सक्रिय नीतिगत व्यवस्थामार्फत समयमै सम्बोधन हुन नसकेको पुष्टि भएको छ । अर्थतन्त्रको संरचनामै परिवर्तन नल्याई अहिलेको चुनौतीको दीर्घकालीन समाधान हुन सक्दैन ।

विगतमा भएको उच्च कर्जा वृद्धि र कर्जाको ठूलो आकारको प्रत्यक्ष प्रभाव तरलताको गम्भीर अवस्थाबीच वित्तीय क्षेत्र र बृहत् आर्थिक क्षेत्रमा देखिने क्रममा छ । लामो समयदेखिको उच्च कर्जा वृद्धिका बावजुद अस्वाभाविक रूपले देखिने अत्यन्तै न्यून खराब कर्जाको वास्तविक अनुपात आगामी दिनमा क्रमिक रूपले खुलासा हुँदै जानेछ ।

उपभोगका लागि आयात र लगानीका लागि जग्गामा निर्भर भएको हाम्रो आर्थिक संरचना अत्यन्तै प्रत्युत्पादक र जोखिमपूर्ण छ । औसतमा बर्सेनि २० प्रतिशतले कर्जा विस्तार हुने बैंकिङ क्षेत्रमा सुरुमा खराब कर्जा न्यून त हुन्छ तर कर्जा वृद्धिदर लामो अवधिसम्म संकुचित हुँदै गर्दा खराब कर्जा पनि निश्चित रूपले बढ्नेछ । गएको एक दशक भारतको बैंकिङ क्षेत्र न्यून कर्जा वृद्धिदर र उच्च खराब कर्जाको दोहोरो भुमरीमा नराम्रोसँग फसेको थियो । विगतमा अत्यधिक कर्जा लिई व्यापार गरेर मनग्गे नाफा कमाउनेहरू, जग्गामा अन्धाधुन्ध लगानी गर्नेहरू, वित्तीय अध्ययनबिना जग्गा हेरेर व्यवसायमा लगानी गर्नेहरू र नगद प्रवाह नहेरीकन जग्गाको धितोका आधारमा कर्जा प्रवाह गर्ने र नाफाका लागि अत्यधिक कर्जा वृद्धि गर्ने बैंक तथा वित्तीय संस्थाहरूले तत्काल समाधान हुन नसक्ने अहिलेको संरचनात्मक आर्थिक तथा वित्तीय अवस्थाबाट ठूलो झट्का बेहोर्नुपर्ने निश्चित छ ।

नेपालको मौद्रिक नीतिको इतिहासमा राष्ट्र बैंकले सम्भवतः पहिलो पटक अत्यन्तै कसिलो मौद्रिक नीति ल्याएको छ । लामो समयदेखि औसतमा बर्सेनि २० प्रतिशत कर्जा वृद्धिदरमा अभ्यस्त रहेको अर्थतन्त्रमा स्रोतको चरम

अभावका कारण कर्जा वृद्धिदरलाई करिब १३ प्रतिशत अर्थात् नोमिनल जीडीपी वृद्धिदरभित्र सीमित राख्नुपर्ने बाध्यता अत्यन्तै असहज परिस्थिति हो । पहिलो त्रैमासिकमा १.३ प्रतिशतले मात्र कर्जा वृद्धि भएको छ । सोही अनुरूप बाँकी अवधि कर्जा वृद्धि भए यो आर्थिक वर्ष केवल ५.२ प्रतिशतले कर्जा वृद्धि हुनेछ जुन राष्ट्र बैंकले प्रक्षेपण गरेको १२.५ प्रतिशतको आधाभन्दा पनि कम हो । हाम्रो अर्थतन्त्र कर्जामा अत्यधिक निर्भर रहेका कारण कर्जाको चरम अभावमा अर्थतन्त्रमा मागको उच्च संकुचन आएको छ, जसले गर्दा अधिकांश व्यवसाय उच्च जोखिममा परेका छन् । वास्तविक क्षेत्र र वित्तीय क्षेत्रको संस्थापनमा सीमित ठूला व्यापारी र व्यवसायीहरूको वर्चस्व रहेको हाम्रोजस्तो अर्थतन्त्रमा यी ठूला समूहहरूले एकआपसमा कर्जा अन्तर-प्रवाह गरेर हालको अप्ठेरो अवस्थालाई व्यवस्थापन गर्न सक्नेछन् । तर अधिकांश साना तथा मझौला ऋणीहरू घट्दो आम्दानी र उच्च ब्याजका कारण बढी प्रभावित हुनेछन् । क्षमताभन्दा धेरै कर्जा लिने अधिकांश व्यवसायी र व्यापारीहरू तथा जग्गामा लगानी गरेकाहरूका लागि आगामी दिनहरू अत्यन्तै चुनौतीपूर्ण रहनेछन् । यस्तो अवस्थामा नियमनकारी संस्था सचेत भई ठूला संस्थापन समूहबीच हुने कर्जा अन्तर-प्रवाहलाई नियमन गर्नुपर्छ भने हरेक ऋणीले यो अवस्थाको दीर्घकालीन प्रकृतिलाई मनन गरी आफ्नो व्यवसायको कर्जाप्रतिको अत्यधिक निर्भरता घटाउँदै आर्थिक स्थितिलाई व्यवस्थित गर्दै लानुपर्छ । साथै एकै समूहका व्यापारी वर्ग र वित्तीय क्षेत्रको संस्थापनबाट उब्जिएको स्वार्थ बाझिने हालको अवस्थालाई बैंक तथा वित्तीय संस्थाको चरणबद्ध रूपले सेयर पातलीकरण (इक्युटी डाइलुसन) मार्फत सम्बोधन गर्दै लानुपर्छ ।

संरचनात्मक सुधारका उपायहरू सजिला हुँदैनन् र यसका अल्पकालीन तथा मध्यकालीन असरहरू प्रायः असहज हुन्छन् । विगतमा जस्तो अहिलेको तरलता समस्या मौसमी प्रकृतिको होइन, यो अर्थतन्त्रको संरचनासँग जोडिएको विषय हो । सरकारले समयमै पुँजीगत खर्च गरेर मात्र तरलता अवस्था सहजीकरण हुने अवस्था छैन । विदेशी मुद्रा आर्जनको स्रोत विविधीकरण तथा गुणात्मक वृद्धि, आन्तरिक उत्पादन अभिवृद्धि, आन्तरिक तथा वैदेशिक लगानी वृद्धि, प्रतिस्पर्धात्मक क्षमता तथा उत्पादकत्व अभिवृद्धि र आयात प्रतिस्थापनजस्ता संरचनात्मक सुधारका उपायहरूमार्फत नै अहिलेको अवस्थाको समाधान खोज्नुपर्छ । यी विषयहरू मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका हुन् । त्यसैले यो समस्याको अल्पकालीन समाधान छैन । संरचनात्मक सुधारबिना अहिलेको समस्या समाधान हुन सक्दैन । दीर्घकालीन रूपमा संरचनात्मक सुधार मुलुक र जनताका लागि श्रेयस्कर हुनेछ ।

विगत तीन दशकमा राज्य उदार भएकै हो । राज्यले अहिलेसम्म कहिल्यै आयातमा प्रतिबन्ध लगाएको थिएन र ब्याजदरमा पनि हस्तक्षेप गरेको थिएन । समस्या आएपछि चुनौती व्यवस्थापन गर्ने क्रममा सहजीकरण गरेको हो । अहिलेको गम्भीर अवस्थालाई अर्थ मन्त्रालय र राष्ट्र बैंकले मात्रै सम्बोधन गर्न सक्दैनन् । यस्तो स्थितिमा विशेष गरेर निजी क्षेत्र र बैंकिङ क्षेत्र बढी जिम्मेवार र उत्तरदायी हुनुपर्छ । यो असहज स्थिति जति लम्बिन्छ, त्यति नै धेरै यी दुवै क्षेत्र तुलनात्मक रूपमा बढी प्रभावित हुन्छन् । अर्थतन्त्रको अहिलेको गम्भीर तथा संवेदनशील अवस्थालाई राजनीतिक दल, सरकार र निजी क्षेत्रले हल्का रूपले लिने गल्ती गर्नु हुँदैन । सबै पक्ष र क्षेत्र मिलेर अहिलेको गम्भीर आर्थिक चुनौतीबाट निकास पाउने वातावरण बनाउनुपर्छ ।सभार इकान्तिपुर

# घाम डुबी....

निराशाजनक र विद्रूप चित्र कोर्न सकिने आधार प्रशस्त छन् । यस पटकको चुनावमै उनले गरेका तिकडम सम्झँदा मात्र पनि काफी हुन्छ । अनेक लेनदेन गरे, गठबन्धनका जिलीगाँठा मिलाए, चितवनबाट गोरखा उक्लिए र आफ्ना पक्षमा हजारौं मान्छेलाई फेरि एक पटक लामबद्ध गराउन सफल भए । बस, उनको जम्मा मेधा यत्ति नै हो । के थियो र प्रचण्डसँग त्यति धेरै मतको हकदार बन्नलाई ? कुन योजना ? कुन ऐनको खाका ? कुन क्षेत्रको प्रगतिका लागि स्पष्ट चित्र ? अघिका धेरै निर्वाचनजस्तै यस पटक पनि उनले मोटा गफ गरेर मत मागेका थिए । उही बजेटका थैला, उही प्रधानमन्त्री बनेर झिलिमिली बनाइदिने विकासे पुडिया । उपेन्द्र यादवले यतिको तिकडम प्रदर्शन गर्न सकेनन् र बेमौज हारे । नत्र के फरक थियो यादव र प्रचण्डमा ? आफैंले उठाएका अनेक मुद्दा र ती मुद्दामा सयौंले दिएको आहुतिप्रतिको उनीहरूको धोकाधडीमा खास फरक थिएन । ओली, देउवा र प्रचण्ड पहिल्यै स्थापित सामाजिक र राजनीतिक संरचनागत लाभांशका भागी भए । त्यसैका बलमा नेपाली राजनीति र संसदीय अभ्यासमा फेरि एक पटक उनीहरू नै निर्णायक बन्नेछन् । यी दलपति उठेकाभन्दा भिन्न क्षेत्रमा कांग्रेस, एमाले र माओवादीविरुद्ध जति मत खसे, यिनै दलाधीशप्रतिका आक्रोश र उदासीनताका भोट हुन सक्छन् ती । तर यथार्थको यो एउटा पाटो मात्रै हो । बिर्सन नहुने अर्को पाटो, जितेका कसैले पनि आवश्यक र पेचिला प्रश्न उठाएर, सांसदको भूमिका बुझाएर वा आफ्ना ठोस योजना सुनाएर मत पाएका होइनन् । नियालेर हेर्दा देखिन्छ, एउटा सामान्य रीतका रूपमा चुनावी प्रक्रिया पूरा भएको मात्र हो । नयाँ भनिएका तरंगका अन्तर्यमा खास नयाँपन केही छैन । छिटफुट देखिएका आशालाग्दा अनुहार त्राणसम्म पनि होलान् ? विश्वासभन्दा सन्देह ज्यादा छ ।

विगत केही महिनामा हाँपझाँप र हतारोबीच जोडजाम गरिएको पार्टी हो– राष्ट्रिय स्वतन्त्र पार्टी । 'सीधा कुरा' नामको चर्चा बटुल्न सफल टीभी कार्यक्रमका प्रस्तोता रवि लामिछानेको पत्रकारिता अब्बल र उदाहरणीय थिएन । चर्चा मात्रलाई मानक नमान्ने हो भने, उनले गरेको पत्रकारिताले स्थापना गर्न खोजेको मूल्यबारे गहिरोसँग सोचौं । पेसागत इमानदारी र कौशलका आधारभूत अपेक्षालाई समेत अनदेखा गरेका थिए उनले । मूलतः निराश नागरिकको असन्तुष्टिलाई पुँजीकृत गर्दै मौजुदा दल र नेतृत्वहरूलाई भद्दा गाली गर्ने प्लाटफर्मका रूपमा चर्चित थियो उनको कार्यक्रम । नेपाली आमवृत्तलाई गहकिलो र ओजिलो बन्न नदिनमा उनले समेत योगदान गरेका थिए । हजारौं मान्छेले मत दिएर जिताएका तिनै लामिछानेबाट नयाँ राजनीतिक संस्कार, समाजको अग्रगमनका लागि आवश्यक नयाँ चिन्तन र सोको कार्यान्वयन होला भनेर कसरी विश्वस्त हुन सकिन्छ ?

सम्झौं त, दलहरू नयाँ होऊन् वा पुराना, शिक्षा र स्वास्थ्य सम्बन्धी कुनै राष्ट्रिय संकल्प अघि सारेर मत मागिएन । रोजगारी र इलम सृजनाका प्रस्ट कार्यक्रमका लागि मत मागिएन । उत्पादनका स्पष्ट कार्ययोजना सुनाएर जनमत प्रभावित पारिएन । कृषिमा फड्को मार्ने ठोस संकल्प र सो अनुसारको बुझिने कार्यक्रम पनि कसैको थिएन । ऐन र नीतिका खाका वा सो अनुसारका कार्यक्रमका आधारमा राजनीतिक ध्रुवीकरण गरेर पनि मतको अपेक्षा गरिएन । न नागरिकताको सवाल पेचिलो बन्यो, न समावेशिताका ठोस प्रश्नमा कोही बोल्यो ।

एउटाले मोटो शब्दमा सुशासन भन्यो, अर्काले भ्रष्टाचारको उस्तै मोटो विरोध गर्‍यो । धेरैले उपभोगको स्वर्ग आफ्नै निर्वाचन क्षेत्रमा ओराल्ने सपनाका पुडिया बनाएका थिए, त्यही बाँडे । निर्वाचनको बहानामा उठ्नुपर्ने जरुरी प्रश्न उठेनन्; ती प्रश्नमा भएका विमर्शका आधारमा कसलाई मत हाल्ने भन्ने निर्णयमा मतदाता जसरी पुग्नुपर्ने थियो, त्यो भएन ।

यसरी नै बिर्सन नहुने अर्को विषय पनि छ । पछिल्ला दुई निर्वाचनहरू खासमा संघीय प्रतिनिधिसभा र प्रदेशसभामध्ये कुन शक्तिशाली र आकर्षक भनेर प्रदर्शन गरिएका प्रतिस्पर्धासमेत थिए । प्रदेशसभा आफ्नो अनुहार देखाउने ठूलो सकस बेहोर्दै प्रतिनिसिभासँग स्पर्धा गर्दै थियो । एकै पटक निर्वाचन गर्दा प्रदेश सांसदका पद दलाधीशका लागि सहजै चलाउन मिल्ने हन्बेर्ना मात्रै बने । त्यसैले प्रतिनिधि सभाका उम्मेदवार चर्चाको शिखरमा रहे, गुट र व्यक्तिका गुनासा मिलाउन उपयोग गरिएको प्रदेश निर्वाचन यस पटक पनि ओझेलमा पर्‍यो/पारियो । संघीय सांसदको पदलाई प्राथमिक, शक्तिशाली, आकर्षक बनाउँदै प्रदेशलाई निकम्मा र फिका तुल्याइयो । त्यसो त प्रदेश संरचना र संघीयताको बदनामीमा समेत भोटको खेती गरियो ।

नयाँ भनिएको रास्वपाले प्रदेशमा उठिदिने मान्छे पाएन । पार्टी बनाउने र स्वतन्त्र भनाउने हतारोबीच त्यस पार्टीकाहरूले प्रदेशलाई प्राथमिकतामा राख्न सकेनन् । आफ्नो यो कमजोरी छोप्न, पछिल्लो समय चलाइएको संघीयताविरोधी मतलाई थप उकेरा लगाए । प्रदेश प्रतिनिधिलाई भोट हाल्न प्रयोग गरिएको मतपत्र नलिएको र भोट नहालेको प्रदर्शन गरेर उनीहरूले संविधानको मर्ममा समेत प्रहार गरे । मौजुदा ठूला दलले संघीयताप्रति सिर्जेको अविश्वासलाई नै लामिछाने र उनका साथीले मलजल गरे । के यही हो राजनीतिमा नयाँपन ? लोकतन्त्रको सबलता र प्रगतिका लागि चाहिने राजनीतिक संकेत यति नै हो ? वा, हिन्दु मतसमेतलाई उकेरा लगाउने गरी लामिछानेले भिरेको घण्टीको मालालाई नै परिवर्तनको सुरुआत मानौं ? निर्वाचन प्रक्रिया पूरा हुँदै गर्दा मलाई भने कवि भीमदर्शन रोकाले लेखेका पंक्तिको सम्झना भइरह्यो– 'घाम डुबी तारा नउदाएको आकाश !'साभार इकान्तिपुर

# नतिजामुखी.......

सामाजिक व्यवहार सुधार ऐन निकै महत्तवका साथ घोषणा भए, तर कार्यान्वयन भएनन्। नेपालमा नीति घोषणामा उत्साह र कार्यान्वयनमा आलस्यता देखिन्छ।नीति समीक्षा, परीक्षण र पुनरावलोकन नीति सुधारको पक्ष हो। नीतिको चरित्र गतिशील हुन्छ। परिवेशमा आएको परिवर्तनसँगै नीतिले गतिशीलता पक्डिन सक्नुपर्छ, अन्यथा त्यो इच्छासूची मात्र हो। जस्तो कि आर्थिक नीतिका चरहरू निरन्तर परिवर्तनशील हुने गर्दछन्।सूचना प्रविधि निरन्तर परिवर्तनशील छ, यो आफैंमा अन्तरसम्बन्धित भएकाले अन्य नीति तथा व्यवहारलाई परिवर्तन गर्ने कारकका रूपमा रहन्छ। नीति वातावरणको यो गतिशीलताले अमूक नीति तर्जुमाका सममया स्थापित मान्यताहरू बदल्नुपर्ने अवस्था आउने गर्दछ। नीतिहरू कार्यान्वयनका चरणमा पनि सामान्य परिवर्तनलाई समायोजन गर्न सक्ने क्षमतामा रहनु पर्दछ। त्यसैले पछिल्लो समयमा नीतिहरू कि त पोलिसी टर्मिनेसनको आवधारणामा बनेका छन् (जस्तो कि सूचना प्रविधि नीति, २०५७) वा आवधिक रूपमा समीक्षा गर्ने गरी बनेका छन् (राष्ट्रिय भूमि नीति, २०७५)। तर व्यावहारिक रूपमा नीति समीक्षा नहुने, समीक्षाका लागि चाहिने तथ्य तथा जानकारीको संकलन विश्लेषण नगरिने प्रवृत्तिले नीतिमा रहेका प्रावधानहरू औपचारिक भएका छन्। जस्तो कि निकै महत्तवका साथ जारी गरिएको भूउपयोग नीति र भूउपयोग ऐन कार्यान्वयन मात्र नभएका होइनन् कि कार्यान्वयनको उल्टो दिशामा छन्। जलवायु परिवर्तन नीति, २०६७ जलवायु परिवर्तन परिषद्ले समीक्षा नगरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले विस्थापन गर्‍यो। परिणामतः उच्च जलवायु जोखिममा रहेको मुलुकले जलवायुवित्तबाट फाइदा लिन सकेन। समीक्षा नगरिएकाले धेरैजसो नीतिहरू कार्यान्वयन गर्ने कानुनी संयन्त्र निर्माणको प्रक्रियामा प्रवेश नै गर्न सकेका छैनन्। कतिपय नीतिमा अन्य नीति र कानुनबीच संगति र सम्बन्धको अभाव छ। नीति कार्यान्वयनलाई चाहिने कानुन समयमा बन्दैन। जस्तो कि विकास आयोजनाका लागि जग्गा प्राप्तिसम्बन्धी नीति, २०७१ लाई पुरानो जग्गा प्राप्ति ऐन, २०३४ ले संबोधन गर्दैन। नीतिलाई बाध्यकारी बनाउन पनि कानुन चाहिन्छ। जस्तो कि राष्ट्रिय भूमि नीति, २०७५ ले भूमि व्यवस्थापन, भूउपयोग, भूमिको स्वामित्व प्रशासन, जग्गाको मूल्य निर्धारणजस्ता विषयमा कानुनी संरचनाको माग गरेको छ। तर कानुन निर्माण भएको छैन। नीतिले कानुनलाई मार्गदर्शन गर्दछ भने कानुनले नीति कार्यान्वयनका लागि मानक तथा कार्यविधिहरू निश्चित गर्दछ, यो मान्यताप्रति नीति निर्माता सचेत छैनन्।सुधारको अर्को महत्तवपूर्ण पक्ष मार्गदर्शक नीति तर्जुमा हो। नीति तर्जुमामा विभिन्न निकाय र तहहरू संलग्न हुने अवस्थामा नीतिका आधारभूत मूल्य, राष्ट्रिय मानक र दीर्घकालीन प्राथमिकता निर्धारण गर्न मार्गदर्शक नीतिको आवश्यकता छ। पञ्चायत व्यवस्थामा राष्ट्रिय मूल नीति, २०४२ जारी गरिएको थियो। अहिले उदारवादी संघीय लोकतन्त्रको अभ्यास छ। नीति निकायको अधिकारको टकराव रोक्न, स्वार्थ समूहको हाबी हुन नदिन, नीतिहरूबीचको सम्भवित प्रतिस्पर्धा हटाउन र साझा राष्ट्रिय मूल्य प्राथमिकतामा मात्र नीति तर्जुमा हुने अनुशासन बसाउन राष्ट्रिय सहमतिमा मार्गदर्शक नीति आवश्यक देखिएको छ। नीति तर्जुमा प्रक्रिया सुधारमा कुनै एक पक्षमात्र संवेदनशील भएर पुग्दैन, राजनीतिकर्मीको दृष्टिबोध, सार्वजनिक प्रशासनको व्यावसायिकता, नीतिग्राहीको सक्रिय सहभागिता, विज्ञ/विचारकको निष्पक्ष सुझाव, पेसागत संगठनको निस्वार्थ सहयोग, आमसञ्चारका माध्यमबाट विचार परिचालन र नागरिक समाजबाट प्रतिक्रिया र पैरवीले एकसाथ परिचालित हुनुपर्छ ।**साभार अन्नपूर्णपोष्ट्**

# दुर्घटनामा..........

डीएसपी टेकबहादुर कार्कीले बताए । दुर्घटनामा गम्भीर घाइते भएका दुवैलाई उद्धार गरेर हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएको थियो । मोटरसाइकललाई ठक्कर दिने बस चालक भने भागेको जनाइएको छ ।

# असायहरुलाई कम्बल वितरण



**वीरगंज ९ मंसिर ।**

उपकार सेवा नेपाल नामक संस्थाले असायहरुलाई कम्बल बितरण गरेको छ ।

जाडोमा कोहि पनि न्यानो कपडाले बिहिन नहोस भन्ने उद्धेश्यका साथ बढ्दो चिसो र शितलहरबाट बच्नका लागि अगाडी नै कम्बल बितरण गरेको हो ।

बीरगंज महानगरपालिका वडा नम्बर १६ मिथिला नगर, वडा नम्बर ४ भगवती टोल र वडा नम्बर २ लक्षमिनरायण टोलमा रहेको करिब ५५ जना निसहाय र निमुखाहरुलाई संस्थाकी केन्द्रिय अध्यक्ष बिद्ययादेबी सरावगीले कम्बल बितरण गर्नु भएको संस्थाका केन्द्रिय सदस्य सज्जन अग्रवालले बताउनु भयो ।

हरेक वर्ष झैं यो वर्ष पनि कम्बल बितरण अभियान जारी रहेको केन्द्रिय सदस्य अग्रवालले बताउनु भयो ।

कार्यक्रममा समाजिक अभियन्ता ओमप्रकाश सर्राफ, संस्थाकी सदस्य श्रीमति बगरिया लगायतको उपस्थिती रहेको थियो ।

# मोटरसाइकल दुर्घटनामा पर्सा धोरे र मिर्जापुरका एक एक जनाको मृत्यु।



**रासस,वीरगञ्ज ९ मंसिर ।** पूर्वपश्चिम राजमार्गअन्तर्गत सर्लाहीको इश्वरपुर नगरपालिका-१२ स्थित बाँके जङ्गलमा बिहीबार साँझ दुई मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । दुई घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश नम्बर २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकल विपरीत दिसाबाट आउँदै गरेको स ९ प १५९१ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएका थिए ।

दुर्घटनामा मृत्यु हुनेमा पर्साको मिर्जापुरका ३८ वर्षीय प्रहरी हवल्दार बाबुलालप्रसाद साह र पर्साकै पकहा मैनापुर-१ का २७ वर्षीय रामलोचनकुमार पटेल रहेको प्रहरी निरीक्षक ईश्वर कार्कीले जानकारी दिए । दुवैको शव प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ ।

उनीहरु प्रदेश २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकलका चालक र त्यसमा सवार रहेका प्रहरीले जनाएको छ ।

दुर्घटनामा सिरहाको करजनहा नगरपालका-११ का ५० वर्षीय चन्देश्वर महतो र उहाँकी श्रीमती ४५ वर्षीय जयन्तीदेवी महतो घाइते हुनुभएको छ । घाइते दुवैको लालबन्दी नगरपालिकाको नवलपुर स्थित सत्यम अस्पतालमा उपचार भइरहेको छ ।

# अब बन्ने प्रतिनिधि सभामा देख्न नपाइने अनुहारहरु (सूचीसहित)

वीरगञ्ज ९ मंसिर । अब बन्ने प्रतिनिधि सभामा देख्न नपाइने अनुहारहरू

१. शंकर पोखरेल
२. ईश्वर पोखरेल
३. महेश बस्नेत
४. राम कुमारी झाक्री
५. उमेश श्रेष्ठ
६. पम्फा भुसाल
७. ओनसरी घर्ती मगर
८. उपेन्द्र यादव
९. लेखराज भट्ट
१०. लक्ष्मण लाल कर्ण
११. देव गुरूङ्ग
१२. कमल थापा
१३. विरोध खतिवडा
१४. कृष्णप्रसाद सिटौला
१५. सुरेन्द्र प्रसाद पाण्डे
१६. सरीता गिरी
१७. घनश्याम भूसाल
१८. हृदेयस त्रिपाठी
१९. भानुभक्त ढकाल
२०. बाबुराम भट्टराई
२१. रामचन्द्र झा
२२. बीना मगर
२३. हरिनारायण रौनियार
२४. कृष्ण भक्त पोखरेल
२५. विमल श्रीवास्तव
२६. दुर्गा पौडेल
२७. अनिल कुमार झा
२८. कोमल वली
२९. लालबाबु पण्डित
३०. उमाकान्त चौधरी
३१. इक़बाल मियाँ
३२. रामबाबु यादव

मातृका प्रसाद यादव
झलनाथ खनाल
राजेंद्र महतो
महन्त ठाकुर
सुजाता कोइराला
प्रदीप ज्ञवाली
बालकृष्ण खाण
विजय गच्छदार

छिपहरमाई गाउँपालिका
छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश, नेपाल

## सिलबन्दी दरभाउ पत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०८। )

यस छिपहरमाई गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुमा माछापालन गरी बिक्रि वितरण तथा उपभोग गर्न पाउने ५ वर्षको लागि सिलबन्दि बोलपत्र आव्हान गरिएको हुँदा निम्न सर्तहरुको अधिनमा रहने गरी इच्छुक नेपाली नागरिक र फर्मबाट रीतपूर्वक गोप्य शिलबन्दी बोलपत्र दरखास्त आह्वान गरिएको छ ।

### तपसिल

| क.स | ठेक्का नं | वडा नं. | पोखरीको नाम | ठेक्का अवधि | क्षेत्रफल (कठ्ठामा) | न्युनतम ठेक्का रकम (५वर्षको लागि ) | धरौटी रकम रु | बोलपत्र दस्तुर (फिर्ता नहुने गरि) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८।०७९।०८० | ४ | रधिया पोखरी | ५ वर्ष | २९ कठ्ठा | १६,१४,६९०।०० | ४०,५००।०० | १,०००।०० |
| २ | ९।०७९।०८० | १ | जाठ पोखरी | ५ वर्ष | १ विघा | १३,०१,०००।०० | ३३,०००।०० | १,०००।०० |

### सर्तहरू

१. माछा फर्मको हकमा अधावधिक नविकरण गरेको ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७८।०७९ सम्मको आयचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित (व्यक्तिको हकमा नेपाली नागरिकता र निवेदन सहित) तोकिएको दरभाउपत्र दस्तुर तिरी(पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक दरभाउ पत्रदाताले दरभाउपत्र सम्बन्धित कागजात खरिद गर्न सक्नेछ साथै दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई दरभाउपत्र कागजात सहित पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको दरभाउपत्र माछा फारमहरु उल्लेख भएका सबै विवरणहरु भरि दरभाउपत्र दाताले प्रत्येक पनामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर माछा फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटर/व्यक्तिको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा ज्बचम ऋयउथ दर्ता गर्न सकिनेछ ।

३. एक माछा फर्म वा व्यक्तिको नाममा खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएको दरभाउपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितिले १६ औ दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन विदा पर्ने गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको मान्यता दिइनेछ ।

६. सिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन आई सि एसिया भिस्वा शाखा स्थित धरौटी खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट दरभाउपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तिमा १८० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ ।

८. छिपहरमाई गा.पा.को हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. दरभाउपत्र दाताले सार्वजनिक पोखरी र माछा पालन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझी दररेट भरेको मानिनेछ ।

१०. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।

११. न्युनतम ठेक्का रकम भन्दा घटी रकम कबोल गर्न पाइने छैन । न्युनतम ठेक्का रकम भन्दा घटी रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वतः रद्ध भएको मानिनेछ ।

१२. सबै भन्दा बढी रकम कबोल गर्ने दरभाउपत्रदाता संग कार्यालयले सम्झौता गर्दा ५ वर्षको लागि साकार गरेको ठेक्का रकम मध्ये प्रथम किस्ता वापत हुन् आउने रकम नगदै बुझाउनु पर्नेछ र बाँकी रकम बराबरको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र पोखरी सम्झौता गरिनेछ तथा चलन पट्टा दिईनेछ अथवा सम्झौताको बखत धन जमानी सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरेमा सोहि निर्णय वमोजिम धन जमानी/बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१३. ठेकेदारले सम्झौता बमोजिम सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१४.ठेक्का लिए वापत प्रचलित कानुन बमोजिम कुनै शुल्क, कर, दस्तुर इत्यादि तिर्नुपर्ने दायित्व ठेकेदारको रहेनछ ।

१५.ठेक्का स्वीकृत भई गाउँपालिकाले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का संचालन गर्न पाईनेछ ।

१६. ठेकेदारले ठेक्का चलन गर्दा प्रचलित कानुन अनुसार मात्र चलन गर्नु पर्नेछ । गाउँपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन पाउने छैन ।

१७. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ र सम्झौता गरेको एक महिना भित्र पोखरी माछा पालनको विमा गराई सक्नु पर्नेछ । माछा पालनको क्रममा कुनै घटनाबाट कुनै किसिमको क्षति भएमा गाउँपालिकाबाट कुनै किसिमको क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

१८. ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाउँपालिकाको निर्णय नै मान्य हुनेछ ।

१९. नेपाल सरकार, प्रदेश सरकार र छिपहरमाई गाउँपालिकाको कार्यालयबाट समय समयमा दिईने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तब्य हुनेछ । सो पालनको कारणबाट सामान्य क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

२०.यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**नोट : अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।**

**प्रमुख प्रशासकिय अधिकृत**